**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ।**

**कुमारी बैंक लिमिटेड**

विवरण सार्वजनिक गरेको अवधि २०७४/०४/०१ देखि २०७४/०६/३१ सम्म

**(क) निकायको स्वरुप र प्रकृति :**
कुमारी बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित "क" वर्गको वाणिज्य बैंक हो।

**(ख) निकायको काम, कर्तव्य र अधिकार :**
कुमारी बैंक लिमिटेडको काम, कर्तव्य र अधिकार बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिमका रहेका छन्।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
यस बैंकमा हाल कार्यरत कर्मचारी संख्या ७९३ रहेको छ। बैंकको व्यवस्थापन समूह, विभाग प्रमुख, शाखा प्रबन्धकहरुको कार्य विवरण समय समयमा बैंकले तोके बमोजिम रहने छ। व्यवस्थापन समूह, विभाग प्रमुख, शाखा प्रमुखहरुको नाम र पद http://www.kumaribank.com/ Team.html&flag=2 मा हेर्न सकिनेछ।

**(घ) निकायबाट प्रदान गरिने सेवा :**
कुमारी बैंक लिमिटेडले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिन सक्ने सम्पूर्ण बैकिङ्ग सेवाहरु रहेका छन्। साथै बैंकले प्रदान गर्ने सेवाहरु जस्तै : निक्षेप/कर्जा/लगानी/अन्य सेवाहरु समय सापेक्ष परिमार्जन गरिएको सेवा सुविधाहरुको विवरण http://www.kumaribank.com मा उपलब्ध छ।

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
बैंकको हाल शाखाहरुको सन्जाल ७४ रहेको छ र उक्त शाखाहरुको जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट http://www.kumaribank.com/ Team.html&flag=2 मा उपलब्ध छ।

**(च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**
यस बैंकले प्रदान गर्ने विभिन्न सेवा शुल्क तथा अवधी यस बैंकको वेबसाईट : http://www.kumaribank.com/Information/service-charges.html &newsId=8 मा उपलब्ध छ।

**(छ) निर्णय गर्ने प्रक्रिया र अधिकार :**
बैकिङ्ग करोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने बिकेन्द्रीकृत व्यवस्था मिलाइएको छ। दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन्।

**(ज) निर्णय उपर उजूरी सुन्ने अधिकारी :**
निर्णय उपर उजूरी सुन्ने अधिकारीको व्यवस्था बैंकको संगठनात्मक संरचना अनुरुपनै विभिन्न तहमा रहने गरी मिलाइएको छ। साथै बैंकको प्रत्येक शाखा कार्यालयहरुमा एउटा "सुझाव पेटीका" राखी गुनासो, उजूरी तथा सुझावहरु संकलन गरी नियमित रुपमा यस्ता गुनासा, उजूरी तथा सुझावहरु समाधान र कार्यान्वयन गर्ने गरिएको छ। केन्द्रीकृत रुपमा प्रमुख जोखिम अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुनेछ।

**नाम : अगिंर मान सिंह**
**पद : प्रमुख जोखिम अधिकृत**
**सम्पर्क नम्बर : ००९७७–०१–४४४५४९५, एक्सटेन्शन : १४२**
**ईमेल : angir.singh@kumaribank.com**

**(झ) सम्पादन गरेको कामको विवरण :**
यस बैंकले, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका वाणिज्य बैंकहरुले सम्पादन गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन गर्दै आईरहेको छ। उक्त सम्पादित कार्यहरु मध्ये केही कामहरुको विवरण नमुनाको रुपमा बैंकको वेबसाईटको http://www. kumaribank.com/Information/news-update.html &newsId=5 लगायत अन्य खण्डहरुमा पाउन सकिनेछ।

**(ञ) बैंकको प्रमुख कार्यकारी अधिकृत तथा सूचना अधिकारीको विवरण :**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र पद :

**नाम : सुरेन्द्र भण्डारी**
**पद : प्रमुख कार्यकारी अधिकृत**
**सम्पर्क नम्बर : ००९७७–०१–४२२१३११/१४**

सूचना अधिकारीको नाम र पद :

**नाम : राजेश श्रेष्ठ**
**पद : चिफ् – डिपोजिट मार्केटिङ्ग**
**सम्पर्क नम्बर : ००९७७–०१–४२३२११२/११३, एक्सटेन्शन : २०१**
**ईमेल : rajesh.shrestha@kumaribank.com**

**(ट.) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

बैंकले व्यवसाय सञ्चालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको छ।

| | |
|---|---|
| १. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ | ८. सुरक्षित कारोबार ऐन, २०६३ |
| २. नेपाल राष्ट्र बैंक ऐन, २०५८ | ९. करार ऐन, २०५६ |
| ३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | १०. विनियम अधिकारपत्र ऐन, २०३४ |
| ४. कम्पनी ऐन, २०६३ | ११. विदेशी विनियम नियमित गर्ने ऐन, २०१९ आदि |
| ५. बैंकिङ.कसुर तथा सजाय ऐन, २०६४ | १२. उपयुक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु |
| ६. सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग.) निवारण ऐन, २०६४ | १३. नेपाल राष्ट बैंकवाट जारी गरिएका सम्पूर्ण निर्देशिका एवम् परिपत्रहरु |
| ७. धितोपत्र सम्बन्धी ऐन, २०६३ | |

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र- पत्रिकामा प्रकाशित हुँदै आएको छ। साथै बैंकको वेबसाईटको http://www.kumaribank.com/Reports/quarterly-reports.html खण्डमा समेत उपलब्ध छ।

**(ड) तोकिए बमोजिमका अन्य विवरण :**

नेपाल राष्ट बैंकको निर्देशानुसार यस बैंकले चुक्ता पुँजी ८ अर्ब पुऱ्याउने प्रयोजनका लागि यस बैंकले साविक काष्ठमण्डप डेभलपमेन्ट बैंक लि., महाकाली विकास बैंक लि., काँक्रेविहार विकास बैंक लि., तथा पश्चिमाञ्चल फाइनान्स कम्पनी लि.लाई प्राप्ति (Acquire) गरी मिति २०७४/०३/१६ गतेवाट संयुक्त कारोबार शुरु गरेको छ। यसका अतिरिक्त बैंकको मिति २०७३। १२। ०९ गते बसेको सोह्रौं वार्षिक साधारण सभाले रु.१,१९,३८,९९,१६५ बराबरको हकप्रद शेयर जारी गर्ने समेत निर्णय गरेको छ।

**(ढ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :**

यस बैंकले बैकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, तर बिशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

**(ण) सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**

www.kumaribank.com

**(त) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

यस अवधिमा बैंकले कुनै बैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग प्राप्त गरेको छैन तथा सो सम्बन्धी कुनै सम्झौता गरेको छैन।

**(थ) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**

यस बैंकले बैकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, तर बिशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

**(द) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

सुचना वर्गिकरण गरिएको अवस्था नभएको, सुचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको।

**(ध) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**

यो त्रयमासमा सुचनाको माग सम्बन्धी कुनै पनि निवेदन नपरेको ।

**(न) सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भए सोको विवरण :**

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईटमा समेत प्रकाशन गरिने व्यवस्था रहेको छ । साथै बैंकको आर्थिक विवरणहरु ब्याजदर सम्बन्धी विवरणहरु आदि त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाईटमा समेत प्रकाशित गरिदै आएको छ । अन्य आवश्यक सूचना तथा विवरणहरु बैंकले राष्ट्रियस्तरको पत्रपत्रिकाहरुमा प्रकाशन गरी सर्वसाधारणलाई समयमै जानकारी गराउने गरेको छ ।